# स्थानीय राजपत्र

बोगटान फुडसिल गाउँपालिका, डोटीद्धारा प्रकाशित

खण्ड- १० , बोगटान फुडसिल गाउँपालिका, मिति: २०८३/०३ /०९ संख्या : ३

## भाग-२

## बोगटान फुडसिल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो शंशोधन) कार्यविधि, २०८३

प्रमाणीकरण मिति : २०८३।०३।०९

**प्रस्तावना:-**

बोगटान फुड्सिल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६ लाई समयसापेक्ष परिमार्जन गर्न, निर्माण व्यवसायी इजाजतपत्रको नामसारी तथा ठाउँसारी सम्बन्धी कानूनी व्यवस्था स्पष्ट पार्न वान्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (छ) को उपखण्ड (१०) ले दिएको अधिकार प्रयोग गरी बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाले यो "बोगटान फुड्सिल गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस कार्यविधिको नाम "बोगटान फुड्सिल गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. मुल कार्यविधिको परिच्छेद-२ मा दफा ७ क. र ७ ख. थप:-**

मूल कार्यविधि, २०७६ को दफा ७ पछि देहाय बमोजिमका दफा ७ क. र दफा ७ ख. थपिएका छन्:

**७ क. इजाजतपत्रको नामसारी सम्बन्धी व्यवस्था:**

(१) "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले आफ्नो नामको इजाजतपत्र अरू कुनै नेपाली नागरिकलाई बिक्री गरी नामसारी गरी दिन चाहेमा दिने-लिने दुवैले संयुक्त निवेदन बोगटान फुड्सिल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दिनुपर्नेछ। नामसारी गरी लिने व्यक्तिले अनुसूची-५ मा उल्लेखित आवश्यक योग्यता पूरा गरेको हुनुपर्नेछ।

(२) "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेको व्यक्तिको मृत्यु भएमा सो प्रमाणित गर्ने कागजपत्र सहित वा जीवित अवस्थामा पनि एकाघर सगोलका परिवारहरूमध्ये मञ्जुरीनामाका आधारमा परिवारको कुनै एक सदस्यको नाममा नामसारी गरी पाउन निवेदन दिन सकनेछ। यस्तो निवेदकको हकमा अनुसूची-५ मा उल्लेखित प्रक्रिया पूरा गर्नुपर्ने छैन।

(३) उपदफा (१) र (२) को प्रक्रिया पूरा गरी पेश हुन आएको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रको अनुसूची-२ मा उल्लेखित दस्तुर लिई दफा ४ को उपदफा (२) बमोजिम गठित समितिले दाखिल खारेज/नामसारीको लागि निर्णय गरिदिनुपर्नेछ।

पदमराज अवस्थी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**७ ख. इजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्थाः-** (१) बोगटान फुड्सिल गाउँपालिका भित्र स्थायी ठेगाना देखाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेको व्यक्तिले बोगटान फुड्सिल गाउँपालिकाको जुनसुकै वडामा ठाउँसारी गरी जान-आउन सक्नेछन्।

(२) बोगटान फुड्सिल गाउँपालिकामा स्थायी बसोबास भई यस गाउँपालिका भन्दा बाहिरका नगरपालिका, गाउँपालिका वा जिल्लाबाट "घ" वर्गको इजाजतपत्र प्राप्त गरेको निर्माण व्यवसायी यस बोगटान फुड्सिल गाउँपालिकामा ठाउँसारी गरी आउन चाहेमा आउन सक्नेछन् । तर यस बोगटान फुड्सिल गाउँपालिकामा स्थायी बसोबास भई इजाजतपत्र प्राप्त गरेका "घ" वर्गका निर्माण व्यवसायीहरू अन्य गाउँपालिका, नगरपालिका वा जिल्लामा ठाउँसारी गरी जाने अनुमति पाउने छैनन् । तर अन्य गाउँपालिका/नगरपालिका वा जिल्लामा स्थायी रूपमा बसाइसराइ गरी गएमा सोको प्रमाण सहित निवेदन पेश गरी ठाउँसारी गरी जान चाहेमा जान पाउनेछन् ।

(३) उपदफा (१) र (२) को प्रक्रिया पूरा गरी गाउँपालिकामा निवेदन दर्ता हुन आएको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रको ठाउँसारी सम्बन्धमा अनुसूची-२ मा तोकिएको दस्तुर लिई दफा ४ को उपदफा (२) बमोजिम गठित समितिले ठाउँसारीको लागि निर्णय गरिदिनुपर्नेछ ।

## अनुसूची–२

(दफा ४ को उपदफा ६, दफा ५ को उपदफा २ र दफा ७, ७ क. तथा ७ ख. सँग सम्बन्धित)

**दस्तुर**

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर (रु.) | इजाजतपत्र नवीकरण दस्तुर (रु.) | म्याद नाघेको थप नवीकरण दस्तुर (रु.) | इजाजतपत्र प्रतिलिपि दस्तुर (रु.) | नामसारी दस्तुर (रु.) | ठाउँसारी दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | "घ" वर्ग | ५,०००/– | ५,०००/– | २,०००/– | २,०००/– | ५,०००/– | ५,०००/– |

आज्ञाले

पदमराज अवस्थी

प्रमुख प्रशासकीय अधिकृत

पदमराज अवस्थी

प्रमुख प्रशासकीय अधिकृत